**कोरोना भाइरससम्बन्धी प्रदेश १ को अवस्था**
**मोरङ । ०७७ वैशाख २४ गते**
प्रदेश १ मा कोरोनाको उपचार सफल भएर ६ जना डिस्चार्ज भएका छन् । प्रदेश १ सरकारले सञ्चालनमा ल्याएको कोशी अस्पताल कोभिड–१९ उपचार केन्द्रमा उपचार गराएर बिसेक भएका ६ जना भारतीय नागरिक वैशाख २४ गते डिस्चार्ज भएका हुन् । उदयपुरको त्रियुगा नगरपालिका - ३ मा रहेको नुरी मस्जिदमा बसेको अवस्थामा परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टी भएका उनीहरू विराटनगरको कोशी अस्पताल कोभिड–१९ उपचार केन्द्रमा उपचाररत थिए । उनीहरूको स्वास्थ्यमा सुधार आई कोरोना रिपोर्ट नेगेटिभ आएपछि सबैलाई अस्पतालबाट बिदाई गरिएको हो । डिस्चार्ज भएकाहरू विराटनगरको रानीस्थित एक मस्जिदमा निर्माण गरिएको क्वारेन्टाइनमा पुनः १४ दिन बस्नुपर्ने छ । त्यसका लागि दश शैचाको शौचालयसहितको क्वारेनटाइन तयार गरिएको छ । कोशी अस्पतालका अनुसार कोरोनामुक्त भई डिस्चार्ज हुनेहरूमा ३० वर्षीय अनुस जैदी, २८ वर्षीय मोहम्मद जावेद, २९ वर्षीय मोहम्मद अजिज, २१ वर्षीय मोहम्मद अहमद साहेव, ३४ वर्षीय मोहम्मद अजिरवान र २६ वर्षीय मोहम्वद रासीद छन् । अस्पतालमा उनीहरू भर्ना भएको १४ दिनपछि दोस्रो र तेस्रो पटकको स्वाब परीक्षण गर्दा कोरोना नेगेटिभ देखिएको कोशी अस्पतालकी मेडिकल सुपरीटेन्डेण्ट डा. संगीता मिश्राले जानकारी दिनुभयो । उदयपुरको भुल्केस्थित मस्जिदमा बसेका बेला परीक्षण गर्दा कोरोना सङ्क्रमण पुष्टी भएपछि वैशाख ५ गते राति उनीहरूलाई प्रदेश सरकारले कोशी अस्पताल कोभिड -१९ उपचार केन्द्रमा ल्याएको थियो । अस्पताल भर्ना गराइएका १२ जनामध्ये ६ जना डिस्चार्ज भएका हुन् । उनीहरूसँगै आएका बाँकीको अस्पतालमै उपचार भइरहेको छ । कोभिड-१९ उपचार केन्द्रमा अहिले २५ जना उपचाररत छन् । उनीहरूको अवस्था सामान्य रहेको छ । कोभिड अस्पतालबाट डिस्चार्ज भएका ६ जनालाई बिदाई गर्दै सामाजिक विकास मन्त्री जीवन घिमिरेले स्वास्थ्य लाभको कामना गर्नुभयो । प्रदेश सरकारले कोरोनाको सामना गर्नका लागि छुट्टै अस्पताल सञ्चालन गरी काम गरिरहेको मन्त्री घिमिरले बताउनुभयो ।
प्रदेश १ मा वैशाख २४ गतेसम्म कोरोना भाइरस शङ्कास्पद १ हजार ७ सय ३२ जनाको स्वाब सङ्कलन गरिएको छ । प्रदेश १ मा आरडीटी विधिबाट ६ हजार ५ सय ५९ जनाको परीक्षण गरिएको छ । आरडिटी परीक्षण गरिएका मध्ये १७ जनाको रिपोर्ट पोजेटिभ आएको छ । आरडीटी गरिएका १ हजार ६ सय ६४ जना महिला र ५ हजार ३ सय ७८ जना पुरूष गरी ६ हजार ५ सय ४२ जनाको रिपोर्ट नेगेटिभ आएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ । प्रदेश १ सरकारले वैशाख २४ गतेसम्म ५ हजार ९ सय ९८ वेडको क्वारेन्टाइन निर्माण गरेको छ । वैशाख २४ गते मात्र ८५ वेड थप गरिएको छ । आईसोलेशनमा बस्नेको सङ्ख्या ४४ जना पुगेको छ । आईसोलेशनमा रहेका ६ जना पुरूष वैशाख २४ गते डिस्चार्ज भएका छन् । प्रदेश १ मा होमक्वारेन्टाइनमा बस्नेको सङ्ख्या ७ हजार ५ सय ४५ जना पुगेको छ । होमक्वारेन्टाइनमा १ हजार ४ सय ८७ जना महिला र ६ हजार ५८ जना पुरूष रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

**इन्सेक मोरङ जिल्ला प्रतिनिधि नेत्रप्रसाद अधिकारीका अनुसार** मोरङ जिल्लाबाट वैशाख २४ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ सय ७८ जनाको नमूना सङ्कलन गरिएको छ । ५८ जना महिला र २ सय २० जना पुरूषको नमूना सङ्कलन गरिएको छ । २ सय ७६ जनाको रिपोर्ट नेगेटिभ आएको छ । दुई जनाको रिपोर्ट आउन बाँकी छ । मोरङमा १ हजार ४ सय १२ जनाको आरडीटी गरिएको छ । आरडिटी गरिएका ४ सय ११ को रिपोर्ट नेगेटिभ आएको छ । एक जनाको पोजेटिभ रिपोर्ट आएको थियो । क्वारेन्टाइनमा बस्नेको सङ्ख्या २ सय २१ जना पुगेको छ । १ सय ९४ जना पुरूष र २७ जना महिला क्वारेन्टाइनमा बसेका छन् । मोरङका दश स्थानमा २ सय ७५ वेडको क्वारेन्टाइन निर्माण गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मानवहादुर राईले बताउनुभयो । उहाँका अनुसार विभिन्न जिल्लाबाट उद्दार भई मोरङ आएकाको सङ्ख्या २ हजार १ सय १५ र मोरङबाट अन्य जिल्लामा जानेको सङ्ख्या ५ सय ३ जना पुगेको छ ।

नारी विकास सङ्घ विराटनगरले वैशाख २४ गते मोरङको कटहरी गाउँपालिकाका १ सय २९ घरपरिवारलाई राहत वितरण गरेको छ । कटहरी १ का २५ घरपरिवार र ५ का १ सय ४ घरपरिवारलाई खाद्यान्न वितरण गरिएको छ । सुनसरीको दुहबी नगरपालिकालाई ५० हजारको खाद्यान्न र विराटनगर उपमहानगरपालिका-५ लाई २५ हजार रुपियाँ बराबरको खाद्यान्न वितरण गरेको नारी विकास सङ्घकी अध्यक्ष सीता शर्माले बताउनुभयो ।
हाम्रो समाज विराटनगरले वैशाख २४ गते ५० घर परिवारलाई राहत वितरण गरेको छ । विराटनगर-९ स्थित कलेजरोडमा अति विपन्न परिवारका ५० घर परिवारलाई हाम्रो समाज विराटनगरले राहत वितरण गरेको हो । लकडाउनबाट प्रभावित अति विपन्न परिवारलाई राहत वितरण गरेको समाजका अध्यक्ष अनुपकुमार सापकोटाले जानकारी दिनुभयो ।

**इन्सेक खोटाङ जिल्ला प्रतिनिधि रामधन राई**का अनुसार जिल्लामा वैशाख २४ गतेदेखि दोश्रो चरणको र्‍यापिड डाइग्नोस्टिक टेष्ट (आरडीटी) सुरू गरिएको छ । पहिलो चरणमा विभिन्न देशबाट चैत महिनायता घर फर्किएपछि क्वारेन्टाइन वा होम क्वारेन्टाइनमा राखिएकाको टेष्ट गरिएको थियो । प्रदेश सरकारबाट ३ सय ६० थान परीक्षण किट आएपछि क्वारेन्टाइन वा होम क्वारेन्टाइनमा राखिएकामा कोरोना भाइरसको सङ्क्रमण भए/नभएको थाहा पाउन दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१२ जालपाबाट दोश्रो चरणको र्‍यापिड डाइग्नोस्टिक टेष्ट सुरू गरिएको प्रमुख जिल्ला अधिकारी शालिग्राम शर्मा पौडेलले बताउनुभयो । वडा कार्यालय जालपाको क्वारेन्टाइनमा राखिएका सबै २३ जनाको र्‍यापिड डाइग्नोस्टिक टेष्टको रिपोर्ट नेगेटिभ आएको छ । जिल्लामा पहिलो चरणमा गरिएको र्‍यापिड डाइग्नोस्टिक टेष्टमा १ सय ४१ जनाको रिपोर्ट नेगेटिभ आएको थियो । यस्तै, र्‍यापिड डाइग्नोस्टिक टेष्टका क्रममा जिल्लाबाट पठाइएका १७ जनाको नमूना स्वाबको पीसीआर रिपोर्ट पनि नेगेटिभ आएको छ ।

**इन्सेक इलाम जिल्ला प्रतिनिधि कोकिला ढकाल**का अनुसार सरोकारवालाले इलाममा जनजीवन सहज बनाउन अनुरोध गरेका छन् । इलाममा हालसम्म कोरोनाको सङ्क्रमण नदेखिएकाले आवश्यक सामाजिक दूरी कायम गर्दै सुरक्षाका उपाय अपनाएर जनजीवन सहज बनाउन अनुरोध गरिएको हो ।
जिल्ला समन्वय समितिको अगुवाईमा वैशाख २४ गते बसेको सरोकारवालाको बैठकले विशेषगरी सीमाक्षेत्रमा थप कडाइ गर्दै जिल्लाको कृषि क्षेत्रमा काम गर्न सहज बनाउन आग्रह गरेको हो । जिल्ला समन्वय समिति प्रमुख गणेशप्रसाद बरालले रोजगारीको सिर्जना गर्ने कृषि क्षेत्र र स्थानीय विकासका योजनाका काम सुरक्षित रहेर गर्नेगरी लकडाउन सहज बनाउन अनुरोध गरिने बताउनुभयो । बरालकै अध्यक्षतामा बसेको बैठकले ५० शैयाको इलाम अस्पताललाई १ सय शैयाको बनाउन र जिल्लाका ४ प्राथमिक स्वास्थ्य केन्द्रलाई कम्तीमा १५ शैयाको अस्पताल बनाउन प्रदेश सरकारसँग पहल गर्ने पनि निर्णय गरेको छ । इलाम अस्पताललाई आवश्यक उपकरण खरिका लागि २५ लाख रुपैयाँ, अन्य नगरपालिकालाई १०/१० लाख र गाउँपालिकाहरूलाई ५/५ लाख रुपैयाँ बजेट माग गर्ने निर्णय पनि बैठकले गरेको छ ।
होटल एसोसिएसन इलामका अध्यक्ष देवी पौडेल र स्थानीय समाजसेवी सुमन श्रेष्ठले इलाम सदरमुकामका सञ्चालन गरिरहेको निःशुल्क इलामेली किचनको आज जिल्लाका सरोकारवालाले अनुगमन गरेका छन् । किचनमा प्रत्येक बिहान-बेलुका सय हाराहारी विपन्न नागरिकले खाना खान पाएका छन् । लकडाउन सुरु भएयता आफूहरूले थालेको किचन ४०औं दिनमा प्रवेश गर्दा विभिन्न दाताले समेत उत्साही भएर सहयोग गरिरहेको पौडेलले बताउनुभयो ।
नेपाल शिक्षक सङ्गठनको नगर कमिटीले सूर्योदय नगरपालिकाको विपद् व्यवस्थापन कोषमा नगद ८४ हजार ३ सय रुपियाँ सहयोग गरेको छ । सामुदायिक विद्यालय शिक्षक-कर्मचारी र बाल शिक्षकहरूबाट यो कोषमा ३० हजार रुपियाँ सहयोग प्राप्त भएको नगरले जनाएको छ । इलाम नगरपालिकाको आकस्मिक राहत कोषमा पिपुल्स पावर लिमिटेडले नगद ५० हजार रुपियाँ सहयोग गरेको छ ।
**इन्सेक सोलुखुम्बु जिल्ला प्रतिनिधि भोजराज कार्की**का अनुसार जिल्लामा वैशाख २४ गते एक जनालाई आईसोलेशन वार्डमा राखिएको छ । वैशाख २३ गते लिखुपिकेमा गरिएको आरडीटी टेस्टमा पोजेटिभ रिपोर्ट

आएपछि क्वारेनटाइनमा रहेका युवकलाई आइसोलेशन वार्डमा राखिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिका -५ का २८ वर्षीय युवकको आरडीटी रिपोर्ट पोजेटिभ देखिएकाले जिल्ला अस्पताल फाप्लुबाट डाक्टर ओम प्रकाश थापाको टोली परिचालन भएको छ । थ्रोट स्वाब सङ्कलन गरी परीक्षणका लागि टेकु पठाईने सोलुखुम्बुका डिएसपी टेकुनन्द इवा लिम्बुले जानकारी दिनुभयो ।
नेचासल्यान गाउँपालिकाले वडा -१ का ८ सय १२ जना विपन्न नागरिकलाई वैशाख २४ गते खाद्यान्न वितरण गरेको छ । गौरीटाप धार्मिक पिठले वैशाख २४ गते नेचा सल्यान गाउँपालिका -१ लेब्लु र टुहुरे गाउँका १ सय बढी विपन्न घरपरिवारलाई राहत वितरण गरेको छ । सोताङ गाउँपालिका -४ नाम्लुङ स्थित जनसेवा लालीमा बचत सामुदायिक संस्थाले वैशाख २४ गते ४८ घर विपन्न नागरिकलाई खाद्यान्न प्रदान गरेको छ । हिमालयन ट्रष्ट नेपालले सोलुखुम्बुको महाँकुलुङ गाउँपालिका १ बुङ स्थित हिलारी क्लिनिकलाई वैशाख २४ गते स्वास्थ्य सामाग्री प्रदान गरेको छ ।

**इन्सेक सङ्खुवासभा जिल्ला प्रतिनिधि भविन कार्की**का अनुसार वैशाख २४ गते सङखुवासभाको मुख्य नाका पिलुवा सभाखोला बाटोमा काम गर्ने रौता निर्माण कम्पनीका ११ जना कामदारमा न्यापिड डाइनोष्टिक टेस्ट गरिएको छ । न्यापिड डाइनोष्टिक टेस्ट गर्दा ११ जनाकै रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले जानकारी दिनुभयो ।

**इन्सेक पाँचथर जिल्ला प्रतिनिधि मङ्गल बेघा**का अनुसार वैशाख २४ गते २४ जनाको आरडीटी गरिएकोमा सबै जनाको रिपोर्ट नेगेटिभ आएको छ । लकडाउन अवधि थपिदै जाँदा दैनिक मजदुरी गरी गुजारा चलाउने श्रमिक र विपन्न समुदायको जनजीवनमा कठिनाई देखिन थालेको छ ।

**इन्सेक झापा जिल्ला प्रतिनिधि नरेश खाती**का अनुसार सामाजिक अभियन्ता ज्वाला संग्रौलाले बिर्तामोड नगरपालिका-३ र १० बिराटपोखरमा रहेका ६० परिवारलाई खाद्यान्न सहयोग गर्नु भएको छ । राउण्ड टेबल बिर्तामोड २७ ले इलाका प्रहरी कार्यालय अनारमनी बिर्तामोडलाई डिसइन्फेक्सन बुथ हस्तान्तरण गरेको अध्यक्ष सुमित मङ्गलले जानकारी दिनुभयो । बिर्तामोडबाट सञ्चालित साझामञ्च डटकममा कार्यरत १० जना पत्रकार तथा कर्मचारीहरुको वैशाख २४ गते कोरोना बीमा गरिएको सम्पादक गोपाल काफ्लेले बताउनुभयो । समुदायिक विद्यालय अर्जुनधारा नेपाल शिक्षक महासंघ मार्फत अर्जुनधारा नगरपालिकालाई प्रकोप व्यवस्थापन कोषमा दुई लाख ८२ हजार ७ सय ९२ रुपियाँ हस्तान्तरण गरेको पदमप्रसाद खनालले बताउनुभयो ।

**इन्सेक सुनसरी जिल्ला प्रतिनिधि जयकृष्ण यादव**का अनुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री जगदीश प्रसाद कुसियैतले वैशाख २४ गते हरिनगर गाउँपालिकालाई राहत स्वरुप चामल हस्तान्तरण गर्नु भएको छ । प्रत्येक वडामा एक हजार ५ सय केजीका दरले पुग्ने गरी १० हजार ५ सय केजी चामल हस्तान्तरण गर्नुभएको हो ।
धरान उपमहानगरपालिका र सुनसरी उद्योग वाणिज्य सङ्घले लकडाउनमा सर्वसाधारणको जनजीवनमा सहज होस भनेर बिहान ६ बजे देखि ९ बजे सम्म खाद्यान्न र तरकारीजन्य बस्तु खरिद गर्ने समय छुट्टाएकोमा समस्या देखिन थालेको छ । सामाजिक दूरी कायम हुनुपर्ने र खाद्यान्न खरिद गर्दा सर्वसाधारणले आफै सचेतता अपनाउनुपर्ने भनिएको छ । तर सर्वसाधारणहरु एकै पटक धेरै बजारमा निस्किनाले धरानको लकडाउनमा समस्या देखिन थालेको छ ।
किरात राई समुदायले हरेक वर्ष मनाउँदै आएको साकेला उभौली-२०७७ वैशाखे पूर्णिमा (यलम्बर संवत् ५०८०) यसपटक घरघरमै मनाउनका लागि किरात राई यायोक्खा सुनसरीले आग्रह गरेको छ ।

**इन्सेक भोजपुर जिल्ला प्रतिनिधि गणेश विष्ट**का अनुसार जिल्लामा उच्च सतर्कता अपनाइएको छ । ढुवानी साधनमा तथा अन्य जिल्लाका नाकाबाट लुकीछिपी जिल्ला प्रवेश गर्नेको सङ्ख्या बढ्न थालेपछि सुरक्षामा कडाई गरिएको जिल्ला प्रशासन कार्यालय भोजपुरले जनाएको छ । जिल्लामा सङ्क्रमित मानिसहरु भित्रन

सक्ने खतरालाई मध्ये नजर गर्दै यहाँका नौ वटै स्थानीय तहसंगै जिल्ला प्रशासन कार्यालयले सक्रियता बढाएको हो । उत्तरी क्षेत्रबाट जिल्ला प्रवेश गर्ने षडानन्द नगरपालिका र साल्पासिलिछो गाउँपालिका, पूर्वी क्षेत्रबाट प्रवेश गर्ने अरुण गाउँपालिका र पौवादुङमा गाउँपालिका, दक्षिणी क्षेत्रबाट प्रवेश गर्ने हतुवागढी गाउँपालिका र आमचोक गाउँपलिका र पश्चिमि क्षेत्रबाट प्रवेश गर्ने टेम्केमैयुङ गाउँपालिकामा रहेका सम्पूर्ण नाकाहरुमा सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाईको हो ।
भोजपुरको षडानन्द नगरपालिकाको गान्धि हस्पिटलमा निर्माण गरिएका क्वारेन्टाइन मापदण्ड अनुसार नै सामाजिक दूरी रहेको भए पनि पानीको अभाव रहेकोले पानीको व्यवस्थापनको लागि सरोकारवालाहरूलाई निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी बसन्तराज पुरीले बताउनु भयो । क्वारेन्टाइनमा ७ जना महिला र १८ जना पुरुष रहेका छन । ६ वर्षीया १२ वर्षीया बालिका क्वारेन्टाइनमा छन् ।

**इन्सेक उदयपुर जिल्ला प्रतिनिधि भरत खड्का**का अनुसार त्रियुगा नगरपालिका -३ भुल्केमा वैशाख २४ गते दोस्रोपटक ३ सय ३४ जनाको स्वाब नमूना सङ्कलन गरिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख मोहन सुवेदीकाअनुसार स्वास्थ्यकर्मीटोलीले सङ्क्रमित स्थलका मुस्लिम समुदायका २ सय ३८ जना र अन्य समुदायका ९६ जनाको स्वाव नमूना सङ्कलन गरिएको हो ।
**इन्सेक प्रदेश १ कार्यालय, विराटनगर**